# TIMELINE

| | |
|---|---|
| आवेदन खुला<br>**मंसिर २ गते, २०७८** | आवेदन दिन सकिने अन्तिम मिति<br>**मंसिर १७ गते, २०७८** |
| नतिजा प्रकाश<br>**पौषको हप्ता** | स्कुल शुरुवात<br>**माघको पहिलो हप्ता** |

To Apply:

CLICK HERE

integrity icon Nepal

accountabilitylab NEPAL






Integrity School cohort of 2020

# इन्टेग्रिटी स्कुल

## युवा राष्ट्र सेवक कर्मचारीहरूका लागि

*उद्देश्य: सार्वजनिक प्रशासन भित्र मान्यता परिवर्तन, प्रवृत्ति स्थापना र नवप्रवर्तनकालागि अभ्यास तर्फको नयाँ अभियान*

• IntegrityIcon.org



नेपालको सार्वजनिक प्रशासन भ्रष्टाचार, गलत अभ्यास र गैह्रजिम्मेवारीपनको नामले बढी परिचित छ । यसले सम्पूर्ण कर्मचारीको आचरणलाई प्रतिबिम्बित गर्दैन, तर आम नागरिकको सरकारी कर्मचारी प्रतिको नकारात्मक धारणालाई भने अवश्य बढावा दिन्छ । राष्ट्र सेवक कर्मचारी प्रति आम नागरिकको विद्यमान अवधारणाले विशुद्ध राष्ट्र सेवा गर्ने उद्देश्य बोकेर सार्वजनिक सेवामा प्रवेश गरेका युवा पिढिलाई नराम्ररी प्रभावित गरेको छ । शुसासन कायम गर्ने र सकारात्मक परिवर्तनको लक्ष सहित सार्वजनिक सेवामा प्रवेश गर्न चाहने युवा पुस्तालाई निरुत्साहित गरिरहेको छ । त्यसैले, सार्वजनिक सेवा भित्र गुणवत्ता, अनुभुतिक नेतृत्व विकास, जनउत्तरदायि सोच र सदाचारयुक्त मुल्यमान्यताको अभ्यास गर्दै सकारात्मक परिवर्तनको नेतृत्व गर्नसक्ने युवा पुस्ता तयार गर्ने उदेश्य सहित इन्टेग्रिटी स्कुलको सथापना भएको हो ।

## इन्टेग्रिटी स्कुल

इन्टेग्रिटी स्कुलले सार्वजनिक संरचना भित्रै सकारात्मक परिवर्तन गर्न सक्ने युवाहरुलाई एक ठाउँमा ल्याउँदछ र असहज परिस्थितिमा पनि कसरी इमानदारिताको अभ्यास गर्ने भनेर सिकाउँदछ । साथसाथै यसले, सृजनात्मक सोच, नविनतम उपाय र एकअर्का विचको अनुभव आदान प्रदानका माध्यमबाट संयन्त्र भित्र सदाचारितालाई स्थापित गर्ने जमर्को गरिरहेका समान लक्ष र विचार भएका युवा कर्मचारीहरुको समुदाय निर्माण गर्दछ, ।





## आवेदकको योग्यता

इन्टेग्रिटी स्कुल सुशासनमा विश्वास गर्ने र इमानदारिता, पारदर्शिता र जवाफदेहिताको अनुकरण र प्रवर्धन गर्ने समुदाय निर्माणमा कटिवद्ध नव प्रवेशी कर्मचारीका लागि हो । इन्टेग्रिटी स्कुल, खराब संरचना प्रति गुनाशो मात्र गर्ने भन्दा पनि संरचना सुधारको सवाहक बन्न चाहने युवा कर्मचारीको खोजिमा छ । इन्टेग्रिटी स्कुलको लक्ष नै भविश्यमा आफु कार्यरत संयन्त्र भित्र सदाचारिता स्थापित गर्न सक्ने नेतृत्व निर्माण गर्नु हो । ५ वर्ष भन्दा कम कार्य अनुभव भएका जुनसुकै सेवा तथा ओहोदाका कर्मचारीले आवेदन दिनसक्नेछन् । इन्टेग्रिटी स्कुलमा छनौट भएको खण्डमा कम्तिमा ४ दिनको आवासिय कार्यक्रम र त्रैमासिक छलफल (virtual or in-person) मा सहभागिता हुने प्रतिवद्धता जनाउनु पर्नेछ ।

## कार्यक्रमको ढाँचा र समय

इन्टेग्रिटी स्कुल एक वर्ष लामो हुन्छ । जस अन्तरगत चार दिनको आवासिय सत्रहरु, त्रैमासिक छलफल, विषयगत सेमिनारहरु, सम्बन्धित क्षेत्रका अनुभवी व्यक्तित्वले मेन्टरसिपको कार्यक्रम रहनेछ । इन्टेग्रिटी स्कुलसँग Integrity Icon Alumni को सञ्जाल हुनुका साथै आ-आ-आफ्नो क्षेत्रमा शुसासन प्रवर्द्धनमा लागि परेका व्यक्तित्वहरु जस्तै, सार्वजनिक सेवाका अनुभवी कर्मचारी, इन्टेग्रिटी स्कुलका पूर्व सहभागी, इन्टेग्रीटी आईकन फेलो, युवा सञ्जाल, नागरिक समाजका प्रतिनिधी, सञ्चारकर्मी आदिको बृहत सञ्जाल उपलब्ध हुनेछ । तसर्थ, सहभागिहरुले सम्बन्धित व्यक्तिहरुसँग आफुले थालनि गरेका वा गर्न चाहेका अभ्यास, भोग्नु परेका चुनौती, शुसासन कायम गर्ने सृजनात्मक उपाय र अनुभव र साटासाट गर्न सक्नेछन् ।



"इन्टेग्रिटी एक नैतिक कम्पास हो जसले हामीले कुनै कार्य गर्नु अघि यो जायज छ वा छैन भनेर प्रश्न गर्छ ।